**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012, 544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं २२ गते सोमबार ❑ 7 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## हामी सबैलाई आश्वस्त बनाउन चाहन्छौँ की यो महाविपत्तिमा सरकार र पीडामा रहेका नागरिक सँगसँगै रहन्छौँ: सभापति थापा

**रासस**
काठमाडौं, २१ भदौं

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले भोटेकोशी बाढीबाट उत्पन्न महाविपत्तिमा सरकार र पीडामा रहेका नागरिक सँगसँगै रहन्छौं भनेर सबैलाई आश्वस्त बनाउन चाहन्छौं भन्नुभएको छ।

नेपाली कांग्रेस केन्द्रीय कार्यालय सानेपामा आइतबार बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकको सुरुआतमा सम्बोधन गर्दै सभापति थापाले यो विपत्ति सामान्य प्राकृतिक प्रकोप नभई ठूलो मानवीय क्षति 'महाविपत्ति' भएको उल्लेख गर्दै उद्धार, राहत, पुनःस्थापना, पुनर्वास र पुनःनिर्माणका काममा राज्यले अधिकतम शक्ति परिचालन गर्नुपर्नेमा जोड दिनुभयो।

"हामी सबैलाई आश्वस्त बनाउन चाहन्छौं, यो महाविपत्तिमा सरकार र पीडामा रहेका नागरिकहरूसँगसँगै रहन्छौं, हामी अन्तिम विन्दुसम्म जहाँ पुग्नुपर्ने हुन्छ, त्यहाँसम्म पीडामा रहेका नागरिकसँगसँगै रहन्छौं र गर्न सक्ने मात्र होइन, नसक्ने काममा पनि अतिरिक्त तागत लगाएर सहयोग गर्छौं", उहाँले भन्नुभयो। सभापति थापाले बाढीमा ज्यान गुमाउनेप्रति पार्टीका तर्फबाट श्रद्धाञ्जली व्यक्त गर्दै बेपत्ता नागरिकहरू सकुशल भेटिने आशा व्यक्त गर्नुहुँदै उद्धारका क्रममा जीवित नागरिक भेटिएका घटनाले अझै आशा जीवित रहेको धारणा राख्नुभयो। उहाँले विपत्तिपछिको अवस्थालाई विगतका प्राकृतिक विपत्तिसँग तुलना गर्न नमिल्ने भन्दै अहिले धेरै परिवारले एकैपटक आफ्ना सदस्य गुमाएको र कतिपय समुदाय नै सामूहिक शोकमा रहेको उल्लेख गर्नुभयो। "अहिले त्यहाँ राहत, पुनःस्थापना, पुनर्वास र पुनःनिर्माणको प्रोटोकल त चाहिन्छ नै, तर त्योभन्दा पनि ठूलो कुरा अहिले त्यहाँ करुणा र सद्भाव चाहिएको छ। समानुभूति र समवेदना चाहिएको छ", उहाँले भन्नुभयो।

नुवाकोट र रसुवाका बाढी प्रभावित क्षेत्रको स्थलगत अवलोकनका क्रममा आफूले पीडित परिवारका दर्दनाक कथा सुनेको जानकारी गराउँदै सभापति थापाले कतिपय परिवारमा वृद्ध आमाबुबा, छोराछोरी तथा अन्य आफन्तलाई बाढीले बगाएको र परिवारका एक-दुई सदस्य मात्र जीवित रहेको उल्लेख गर्नुभयो। उहाँले पीडित परिवारलाई खाद्यान्न, कपडा र अन्य भौतिक सहयोगसँगै दीर्घकालीन साथ र अभिभावकत्व आवश्यक रहेकामा जोड दिनुभयो। बाढीका कारण परिवारका सबै सदस्य गुमाएका बालबालिकाको संरक्षण राज्य र समाजको प्राथमिकतामा पर्नुपर्ने सभापति थापाको जोड छ।

सभापति थापाले विपत्तिमा परिवार गुमाएका एक बालककी हजुरआमासँग भएको भेटको प्रसङ्ग सुनाउँदै बालकलाई शिक्षा, संरक्षण र अभिभावकत्व आवश्यक रहेको बताउनुभयो। "एउटा परिवारले अर्कोलाई, अर्को परिवारले अर्कोलाई हात समाइदिनुपर्छ, यतिखेर सिङ्गो समाज र समुदायलाई नै ठूलो बज्रपात परेको छ। हात समाइदिने मान्छे चाहिएको छ", उहाँले भन्नुभयो। राज्यले राहत वितरणलाई केवल भौतिक सहयोगका रूपमा नहेरी पीडितको मानसिक तथा सामाजिक अवस्थालाई समेत ध्यानमा राखेर काम गर्नुपर्ने सभापति थापाको भनाइ थियो। उहाँले लामो समयदेखि बेपत्ता नागरिकको कानुनी हैसियतका कारण पीडित परिवारमा थप अन्योल सिर्जना भएको भन्दै तत्काल कानुनी व्यवस्था सहज बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो। विपत्तिको विशेष अवस्थामा परिवारका सदस्यलाई सूचक मानेर स्थानीय तहबाट आवश्यक कानुनी प्रक्रिया अघि बढाउन सकिने व्यवस्था गर्नुपर्ने सभापति थापाले बताउनुभयो। उहाँले सुरुङमा फसेका नागरिकको उद्धारका लागि नेपालसँग उपलब्ध जनशक्ति, प्रविधि र उपकरण पर्याप्त नभए अन्तरराष्ट्रिय सहयोग लिन ढिलाइ गर्न नहुनेमा जोड दिनुभयो। नेपालमा सुरुङ निर्माणको अनुभव र प्राविधिक जनशक्ति भए पनि विशेष प्रकारको सुरुङ उद्धार तथा भारी उपकरणलाई तत्काल घटनास्थलमा पुर्‍याउने क्षमता सीमित रहेको उहाँको भनाइ थियो। "हामीसँग सयौं किलोमिटर सुरुङ बनाउने क्षमता, ज्ञान र अनुभव छ। तर सुरुङ उद्धारका लागि आवश्यक विशेष टिम र भारी उपकरणलाई एअरलिफ्ट गर्ने क्षमता नहुन सक्छ", सभापति थापाले भन्नुभयो। यस्तो अवस्थामा आयोजना निर्माणमा संलग्न प्राविधिक, विज्ञ, नेपाली सेना, विपद् व्यवस्थापनसम्बन्धी निकाय तथा अन्य सम्बन्धित पक्षलाई सुरुदेखि नै एउटै संयन्त्रमा राखेर निर्णय गर्नुपर्ने उहाँको भनाइ छ। आफूसँग उपलब्ध क्षमता अपुग भए अन्तरराष्ट्रिय सहयोग माग्नु सामान्य प्रक्रिया भएको सभापति थापाको भनाइ छ। सभापति थापाले सुरुङ उद्धारका विषयमा सरकारी निकायबाट आएका फरक-फरक अभिव्यक्तिप्रति प्रश्न

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कास्कीमा 'डिनएन' नमूना सङ्कलन प्रहरी कार्यालयबाट

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

रसुवाको भोटेकोशी नदीमा गएको बाढीमा बेपत्ताहरूको खोजी तथा शव पहिचानका लागि जिल्ला प्रहरी कार्यालयबाट आफन्तको 'डिएनए' नमूना सङ्कलन सुरु गरिएको छ।

'डिनएन'का लागि निवदेन, मञ्जुरीनामा फाराम भर्ने र रगतको नमूना सङ्कलन गर्ने कार्य एकीकृत रूपमा प्रहरी कार्यालयबाटै सुरु गरिएको प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो। यसअघि उक्त सेवा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट सञ्चालन गरिँदै आएकामा 'डिएनए' नमूना सङ्कलनलाई सहज र सरल बनाउने उद्देश्यले एकीकृत सेवा सञ्चालन गरिएको उहाँले बताउनुभयो। बाढीमा परी मृत्युवरण गरेका ७६ जनाको शव यही भदौ १६ गते पोखरा महानगरपालिका-१६ लामाचौरको वन क्षेत्रमा जमिनमुनि व्यवस्थापन गरिएको थियो। जमिनमुनि व्यवस्थापन गरिएका शवको 'डिएनए' नमूना सङ्कलन गरिएकाले शव पहिचानका लागि आउने आफन्तको 'डिएनए' नमूना सङ्कलनका लागि आवश्यक प्रबन्ध गरिएको हो। शवबाट सङ्कलन गरिएको 'डिएनए' नमूना राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा पठाइएको छ। आफन्तको 'डिएनए'सँग मेल खाएमा पछि पुनः पहिचान गरी आफन्तलाई शव बुझाउन मिल्नेगरी शव व्यवस्थापन गरिएको प्रहरी नायब उपरीक्षक पासवानले बताउनुभयो।

बाढीपछि त्रिशूली र नारायणी नदी किनारमा भेटिएका शवलाई सम्बन्धित जिल्लामा राख्न र परीक्षण गर्ने स्थान अभाव भएपछि पोखरा ल्याइएको थियो। नवलपुरबाट ४१, धादिङबाट २७, तनहुँबाट २३ र गोरखाबाट ११ शव पहिचान तथा परीक्षणका लागि पोखरा ल्याइएकामा ७६ शवलाई जमिनमुनि व्यवस्थापन गरिएको थियो भने अन्य शव पहिचान गरी आफन्तलाई बुझाइएको थियो।

## पोखराको फेवातालमा सरसफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

फेवाताल संरक्षण अभियान अन्तर्गत पोखरा महानगरपालिका-१८ स्थित खपौंदी क्षेत्रमा बृहत् सरसफाइ गरिएको छ।

वातावरण संरक्षणका लागि महाअभियान, कास्कीको अगुवाईमा फेवातालको स्वच्छता र वातावरणीय संरक्षणका लागि जलारी दिदीबहिनी समूह, फेवातालमा आश्रित जलारी समुदायको सहकार्यमा नियमित रूपमा हुँदै आएको सरसफाइ अभियानअन्तर्गत ताल किनार तथा प्याराग्लाइडिङ ल्यान्डिङ क्षेत्रमा सरसफाइ गरिएको हो। हरेक




महिनाको तेस्रो आइतबार सञ्चालन हुँदै आएको अभियानमा ताल किनारमा फालिएका प्लास्टिकजन्य फोहोर, सिसाका बोतल तथा अन्य विभिन्न प्रकारका फोहोर संकलन गरिएको वातावरण संरक्षणका लागि महाअभियान, कास्की का

बाँकी अन्तिम पृष्ठमा ▶▶

## आफ्नै पीडालाई भुलेर बाढीपीडितको साथमा ध्रुव थापा र मिलन थापा परिवार, ५० लाख सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

आफ्नो घर-सम्पत्ति गुमाउनुको पीडा भोगिरहेका ध्रुव थापा र मिलन थापा परिवारले आफ्नै दुःखलाई एकातिर पन्छाउँदै बाढी तथा अन्य विपद्बाट प्रभावित परिवारको सहयोगमा हातेमालो गरेका छन्।

थापा परिवारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० लाख सहयोग गरेका हुन्। आफ्नै घर खरानी भएको कहालीलाग्दो घटनाको एक वर्ष पुग्नै लाग्दा पनि थापा परिवारको घर पुनर्निर्माण हुन सकेको छैन। अहिले पनि साथीले उपलब्ध गराएको अपार्टमेन्टमा बस्दै आएको परिवारले आफ्नै पीडाका बीच विपद्मा परेका अन्य समुदाय र परिवारका लागि केही गर्नुपर्छ भन्ने भावनाका साथ राहत तथा सहयोग अभियानमा सक्रियता देखाएको हो।

"आफ्नो प्यारो घर गुमाउनु पर्दाको पीडा कस्तो हुन्छ, भोग्नेलाई मात्र थाहा हुन्छ। हामी आफैँ पनि अझै पीडामै छौं। तर आफू जस्तोसुकै अवस्थामा भए पनि मानवीय संवेदना कहिल्यै मर्दैन रहेछ, सेवाको भावना पनि कतै नजाने रहेछ।" मिलन थापाले भनिनु। थापा परिवारले आफूहरूले गरेको सहयोग कुनै व्यक्तिगत स्वार्थ वा उद्देश्य प्राप्तिका लागि नभएको स्पष्ट पारेको छ। सामाजिक सञ्जालमा आफूहरूको सहयोगलाई लिएर गरिएका कतिपय टिप्पणीले दुःख लागेको उल्लेख गर्दै परिवारले विपद्का बेला विगतदेखि नै निरन्तर सहयोग




गर्दै आएको स्मरण गराउनु भएको छ। २०७२ सालको विनाशकारी भूकम्पका बेला तत्काल उद्धार तथा राहत कार्यमा सहयोग पुगोस् भन्ने उद्देश्यले तीन जिल्लाका लागि उहाँहरुको नेतृत्वमा करिब एक करोड रुपैयाँ बराबरका तीनवटा एम्बुलेन्स प्रदान गरिएको थियो। त्यस्तै, कोभिड-१९ महामारीका समयमा निःशुल्क सञ्चालनका लागि विभिन्न संघसंस्थालाई चारवटा शववाहन तथा एम्बुलेन्स समेत उपलब्ध गराइएको परिवारले जनाएको छ।यसपटकको विपद्मा पनि थापा परिवारका कम्पनीहरूको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी रु. ५० लाखको चेक अर्थमन्त्री स्वर्णिम वाग्लेलाई केही दिन अघि नै हस्तान्तरण गरेका थिए। त्यसैगरी, लायन्स अन्तर र्राष्ट्रिय डिस्ट्रिक्ट ३२५ जे नेपालको समन्वयमा नुवाकोटको त्रिशूली क्षेत्रका दुई अस्थायी आश्रयस्थल–भैरूम माध्यमिक विद्यालय र त्रिशूली प्राथमिक विद्यालयमा करिब ३० लाख रुपैयाँ बराबरको स्वच्छ खानेपानी प्रशोधन प्रणाली जडान गरिएको छ। सौर्य ऊर्जामा आधारित उक्त पानी प्रशोधन प्रणालीले प्रति घण्टा एक हजार लिटर पानी शुद्धीकरण गर्ने क्षमता राख्छ। यसबाट तत्काल आश्रयस्थलमा रहेका विपद्प्रभावित परिवारलाई स्वच्छ खानेपानी उपलब्ध हुने तथा दीर्घकालीन रूपमा सोही विद्यालयमा अध्ययनरत विद्यार्थीसमेत लाभान्वित हुनेछन्।

थापा परिवारले आश्रयस्थलमा रहेका तथा वरपरका घरमा आश्रय लिएर बसिरहेका अन्य विपद् प्रभावित परिवारलाई समेत आधारभूत आवश्यकताका सामग्री वितरण गरेको छ। करिब १२ घण्टाको कठिन यात्रा पार गर्दै नुवाकोटको त्रिशूलीपारिका विकट क्षेत्रमा पुगेको थापा नेतृत्व टोलीले करिब ४०० जनाका लागि डसना, सिरानी, तन्ना, औषधि तथा स्वास्थ्य सामग्री, अत्यावश्यक खाद्यान्न, तरकारी, खाना पकाउने सामग्री तथा भाँडाकुँडा, पुरुष, महिला तथा बालबालिकाका लागि कपडालगायतका आधारभूत सामग्री वितरण गरेको थियो।

आफ्नै घर गुमाएको पीडा बोकेर पनि अरूको दुःखमा मल्हम लगाउन अघि सरेको ध्रुवं थापाले बताए। थापा परिवारको यो सहयोगले विपद्का बेला मानवीय संवेदना र सामाजिक उत्तरदायित्वको महत्त्वलाई उजागर गरेको छ। थापा परिवारका अनुसार विपद्को कठिन घडीमा पीडित परिवारको साथमा उभिनु केवल सामाजिक दायित्व मात्र नभई मानवीय कर्तव्य पनि भएको जनाए। परिवारले विपद्को समयमा पीडितहरूको वास्तविक आवश्यकता बुझेर मात्र सहयोग गर्न सबैमा आग्रह गरेको छ। "विपद्को यो कठिन समयमा पीडितहरूको साथमा हातेमालो गरौं, आवश्यकता बुझेर मात्र सहयोग गरौं। सेवा नै सबैभन्दा ठूलो धर्म हो।" थापा परिवारले भने। ध्रुव थापा र मिलन थापा पोखराका प्रख्यात व्यवसायी तथा समाजसेबी हुन्, जो हालै बाढी तथा विपद् प्रभावितहरूका लागि गरिएको करोडौंको राहत सहयोग अन्य व्यवसायीको प्रेरणाको श्रोत हुन्। ध्रुव थापा हिमालय अर्गनाइजेसनका अध्यक्ष तथा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) का पूर्व अध्यक्ष हुन् भने मिलन थापाः हिमालय अर्गनाइजेसनकी प्रबन्ध निर्देशक हुन्।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्कीको माछापुच्छ्रे गाउँपालिकाले बाढी प्रभावितको लागि २० लाख ५२ हजार सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

कास्कीको माछापुच्छ्रे गाउँपालिकाले भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि २० लाख ५२ हजार ६ सय ८० सहयोग गर्ने भएको छ।

गाउँपालिकाको हालै बसेको गाउँ कार्यपालिका बैठकले बाढी तथा विपद्बाट प्रभावित नागरिकका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गर्ने निर्णय गरेको गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङले बताउनु भयो।

उहाँका अनुसार गाउँपालिकाका जनप्रतिनिधिको मासिक सेवा सुविधाबाट रु ७३ हजार ९ सय कर्मचारीबाट रु ५ लाख १४ हजार ७ सय ७३, गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीबाट रु १३ लाख ६१ हजार ७ र राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका सञ्जालबाट रु १ लाख ३ हजार संकलन गरी राहत कोषमा जम्मा गरिनेछ।

भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढीका कारण सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, गोरखा, चितवनल, नवलपुर गायत जिल्लामा ठूलो मानवीय तथा भौतिक क्षति पुगेकोप्रति गाउँपालिकाले दुःख व्यक्त गरेको छ।

विपद्को यस कठिन घडीमा मानवीय तथा सामाजिक उत्तरदायित्व निर्वाह गर्दै बाढी प्रभावित नागरिकको उद्धार, राहत र पुनःस्थापनाका लागि सहयोग गर्न गाउँपालिकाले सबैमा अपिलसमेत गरेको छ।

गाउँपालिकाका उपाध्यक्ष सीता अधिकारीले विपद्बाट प्रभावित परिवारको पीडा कम गर्न सक्दो सहयोग आवश्यक रहेको बताउँदै सामूहिक प्रयासबाट मात्रै राहत तथा पुनःस्थापनाको काम प्रभावकारी बनाउन सकिने बताउनुभएको छ।

जलवायु परिवर्तन र पर्वावरणको असन्तुलनबाट उत्पन्न विपदको सामना गर्न सबै क्षेत्र र तप्काबाट सहयोग आवश्यक भएको शिक्षा महाशाखा प्रमुख सम्झना पोखरेलले बताउनु भयो।



सफा गर्न सिङ्दी समाज भद्रकाली मन्दिरमाः  पोखरा महानगरपालिका वडा न १२ र १३ स्थित भद्रकाली मन्दिर जाने दुवै वाटोमा सफा गर्दै मन्दिर परिसर वरिपरि सफा गरे पछि क्रआजी सिङ्दी तमु समाज परिवार सामुहिक तस्विर लिदै। तस्विर : पोखरापत्र

# सहारा उत्कृष्ट सदस्य सम्मानबाट सिद्धान्त थापा मगर सम्मानित हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

सहारा क्लब पोखराले यस वर्षको सहारा उत्कृष्ट सदस्य सम्मान-२०८३ बाट सिद्धान्त थापा मगरलाई सम्मान गर्ने भएको छ। क्लबको ४४ औं वार्षिकोत्सवका अवसरमा आगामी भदौ ३० गते उनलाई सम्मान गरिने क्लबले जनाएको छ।

वि.सं. २०६१ असार १५ गते जन्मिएका थापा मगर २०७३ सालमा क्लबको जुनियर सदस्य बनेका थिए। उनी २०७८ सालदेखि हालसम्म क्लबको साधारण सदस्यका रूपमा सक्रिय छन्। क्लबप्रति निरन्तर वफादार रहँदै विभिन्न गतिविधिमा सक्रिय सहभागिता जनाउँदै आएका उनलाई योगदानको कदरस्वरूप यस वर्षको उत्कृष्ट सदस्य सम्मान प्रदान गर्न लागिएको क्लवले जनाएको छ। सहारा क्लबले गत




वर्ष आयोजना गरेको आहा १ रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगितामा विजेता बन्दा थापा मगर टिम म्यानेजरको भूमिकामा रहेका थिए। क्लबका गतिविधि तथा खेलकुदसँग सम्बन्धित कार्यक्रमहरूमा उनको सक्रियता र योगदानलाई सम्मानका लागि छनोटको आधार बनाइएको क्लबले जनाएको छ।

क्लबका वरिष्ठ उपाध्यक्ष पूर्णबहादुर गुरुङले वार्षिकोत्सवका अवसरमा थापा मगरलाई सम्मान गरिने जानकारी दिए। यसै अवसरमा सहारा क्लबले खुला रक्तदान कार्यक्रम समेत आयोजना गर्ने भएको छ। क्लबले सामाजिक उत्तरदायित्व अन्तर्गत हरेक वर्ष गर्दै आएको रक्तदान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिन लागेको हो। यसैबीच, सहारा क्लब पोखराले प्रदान गर्दै आएको सहारा खेलकुद पत्रकारिता पुरस्कार-२०८३ पत्रकार रोहितराज पराजुलीलाई प्रदान गर्ने भएको छ। पुरस्कार छनोट समितिको सिफारिसका आधारमा पराजुलीलाई पुरस्कार प्रदान गर्ने निर्णय गरिएको क्लब अध्यक्ष केशवबहादुर थापाले जानकारी दिए। क्लबले वार्षिकोत्सवका अवसरमा उत्कृष्ट सदस्य सम्मान, खेलकुद पत्रकारिता पुरस्कारसहित विभिन्न कार्यक्रम आयोजना गर्ने तयारी गरेको छ।

# टेनिसमा अर्को इतिहाँस रच्दै पोखरेली टेनिस स्टार अभिषेक बाँस्तोला

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

पोखरेली टेनिस स्टार खेलाडी अभिषेक बास्तोलाले नेपाली टेनिसमा अर्को इतिहाँस रच्दैछन्। उनी एटीपी च्यालेन्जर ट्रफी खेल्ने भएका छन्।

यो प्रतियोगिता खेल्न अभिषेक नेपालका पहिलो टेनिस खेलाडी हुन्। ७ देखि १३ सेप्टेम्बरसम्म भियतनामको फान थिएटस्थित नोभा वर्ल्डको हार्ड कोर्टमा उक्त च्यालेन्जर ट्रफी हुनेछ। वाइल्ड कार्डबाट प्रवेश पाएका अभिषेकले क्वालिफायरमा जापानी खेलाडी युता कावाहासीविरुद्ध खेल्नेछन्।

कुल ६३ हजार अमेरिकी डलर पुरस्कार राशिको एटिपी च्यालेन्जरमा नेपालको प्रतिनिधित्व गर्न पाउन नेपाली टेनिस र आफ्नो लागि ऐतिहासिक उपलब्धि भएको अभिषेकले बताए। जापानमा हुने २०



औं एसियाली खेलकुदको तयारीको रूपमा अभिषेकले विभिन्न देशमा भएका प्रतियोगिता खेलिरहेका छन्। सम्भवत : यो प्रतियोगितापछि उनी अर्को एक अर्न्तराष्ट्रिय प्रतियोगितामा सहभागि हुनेछन्। त्यसपछि उनी एसियाडका लागि जापान जाने छन् ।एसियाडमा अभिषेकको चौथो सहभागिता हो। यसपटकको एसियाडमा केहि फरक र उत्कृष्ट प्रदर्शन दिने अभिषेकले अपेक्षा लिएका छन्। उनले आफ्नो यसपटकको एसियाड सहभागितालाई प्रदर्शनको हिसाबले फलदायी बनाउने उनले बताए। पछिल्लो समय उनले विभिन्न प्रोफेसनल टुरमा राम्रो सफलता पाइरहेका छन्। त्यसले पनि यो एसियाडमा नेपालको तर्फबाट उत्कृष्ट प्रदर्शन गर्ने बाँस्तोलाको भनाई छ।

# आर्थिक समाज नेपाल, कास्कीको नवौं बार्षिक साधारण सभा तथा सामाजिक लेखाजोखा कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

आर्थिक समाज नेपाल, कास्कीको नवौं बार्षिक साधारण सभा, सामाजिक लेखाजोखा कार्यक्रम संस्थाका अध्यक्ष कृष्णकुमार लामिछानेको सभापतित्व तथा काठमाडौ स्थित सरस्वती क्याम्पसका सह प्राध्यापक खोमराज खरेलको प्रमुख आतिथ्यतामा शनिबार पोखरामा सम्पन्न भएको छ।

संस्थाका सचिव भिम प्रसाद उपाध्यायले स्वगत गर्नुभएको उक्त कार्यक्रममा महासचिव रमेशबहादुर खड्काले आ.ब. २०८२/०८३ को बार्षिक प्रगति प्रतिबेदन प्रस्तुत गर्नु भएको थियो र आ.ब. २०८३ र ०८४ को नीति तथा कार्यक्रम अध्यक्ष श्री कृष्ण कुमार लामिछानेले पेश गर्नु भएको थियो र कोषाध्यक्ष शिलु चालिसेले पेश गर्नुभएको आ.ब.२०८०/०८१ को आर्थिक आय र ब्ययको बिबरण तथा आ.ब. २०८१ र ०८२ को अनुमानित बजेट तथा



कार्यक्रम सहित प्रस्तुत गरिएका सबै प्रतिबेदन तथा प्रस्तावहरु सर्बसम्मतबाट पारित गरेको छ। यस कार्यक्रमका प्रमुख अतिथि तथा संस्थाका सल्लाहाकार सह प्राध्यापक डा. खोमराज खरेलले हाल सम्म यस संस्थाले गरेका राम्रा राम्रा गतिबिधिहरुको प्रशंसा गर्नु भयो। वहाँले थप बिश्लेषण गर्दै भन्नुभयो हाल नेपालमा लिक्यीडिटि बढेको अबस्थाले ब्याज दर घटेको छ तर लगानी कर्ताहरु ढुक्कसंग लागानी गर्न हिचकिचाई रहेका छन् , यसको एउटा मुख्य कारण अस्थिर सकार र सरकारले गरेका गतिबिधिबाट लगानी कर्ताहरु बिश्वस्त नहुनु पनि हो। नेपाल सरकारका वडा, पालिका, प्रदेश र संघ स्तरमा बैज्ञानिक र प्रगतिशिल कर प्रणलीको ज्ञानको कमी छ, बजेट तर्जुमा गर्नु अगाडि ध्यान दिनु पर्ने मौद्रीक तथा बित्तिय नीतिको आवश्यक ज्ञानको कमि छ, जसले गर्दा भौतिक र सामाजिक बिकासले अपेक्षकृत रुपमा गति लिन सकेको छैन तसर्थ यस्ता आवश्यक ठाउँहरुमा यस आर्थिक समाजमा आवद्ध अर्थशात्रीहरुले सहजीकरण गर्दै आगामी दिनहरुमा पनि यस संस्थाले, प्रादेशिक तथा स्थानिय, पालिका तहहरुमा बैङ्किङ, आर्थिक, कृषि, पर्यटन क्षेत्र लगायतका योजना तर्जुमा कार्यक्रमका अनुगमन तथा मुल्याङ्कन जस्ता बिषयहरुमा सहयोग पुराउनु पर्ने सुझाब दिनु भएको थियो।

यदि यसो गरिएन भने देशमा अझै आर्थिक अस्थिरता बढ्दै जाने, नेपालीहरुले रेमिट्यान्समा आधारित गृह ब्यबस्थापनमा रहनुपर्ने, स्वदेशि मुद्रा बिदेशीदै जाने, बैदेशिक मुद्राको सञ्चिति बारम्बार घट्दै जाने हुन्छ, अनि नोटबन्दी गर्नु पर्ने अबस्था आउन पनि सक्छ भन्नु भयो। संस्थाका महासचिव रमेशबहादुर खड्काले सञ्चालन गर्नुभएको कार्यक्रमलाई अध्यक्ष कृष्णकुमार लामिछानेले समापन गर्नु भएको थियो र उक्त कार्यक्रममा बिभिन्न सरोकारवालाहरुसंग अन्तरक्रिया गरी संस्थाका गतिबिधिका बारेमा सामाजिाक लेखाजोखा समेत गरिएको थियो।

# विपद् प्रभावितका लागि ग्लोबल कलेजियट स्कुलको १० लाख भन्दा बढी सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

भोटेकोशीमा आएको बाढी प्रभावितहरुको राहत र उद्धार तथा पुनस्थापनाको लागि पोखरा ११ रानीपौवामा रहेको प्रतिष्ठित शैक्षिक संस्था ग्लोबल कलेजियट स्कुलले १० लाख ३ हजार ७०५ रुपैया सहयोग गरेको छ।

विपद् व्यवस्थापन तथा पुनर्निर्माण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले स्कुल परिवारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १० लाख ३ हजार ७०५ सहयोग रकम संकलन गरेको बिद्यालयले जनाएको हो। विद्यालयका विद्यार्थीहरूबाट रु. ३ लाख २३ हजार १९५, शिक्षक तथा कर्मचारीहरूबाट रु. ३ लाख ३० हजार ५१० र विद्यालय प्रशासनबाट रु. ३ लाख ५० हजार गरी उक्त रकम संकलन गरिएको बिद्यालयका प्राचार्य बाबुराम पन्तले बताउनुभयो। संकलित रकममध्ये हिसान कास्कीका अध्यक्ष दिवाकर जैशी मार्फत रु. ६ लाख ७० हजार र प्याब्सन कास्कीका अध्यक्ष षडानन्द गौतम मार्फत रु. ३ लाख ३३ हजार ७०५ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्न हस्तान्तरण गरिएको विद्यालयले




उल्लेख गरेको छ। भाद्र १० गते भोटेकोशी तथा त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट ज्यान गुमाएका सम्पूर्णप्रति ग्लोबल कलेजियट स्कुल, रानिपौवा, पोखरा परिवारले श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरेको छ। बाढीमा बेपत्ता भएका व्यक्तिहरूको शीघ्र खोजी तथा उद्धार र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै विद्यालयले राष्ट्रिय विपत्तिको यस घडीमा आफुहरुले सकेको सहयोग गरेको जनाएको छ। प्राचार्य पन्तले देश ठूलो विपत्तिमा परेको बेला विद्यालय परिवारले आफ्नो क्षेत्रबाट सकेको सहयोग गरेको बताउनुभयो। उहाँले विपद्को समयमा प्रभावित परिवारसँग विद्यालय परिवारको ऐक्यबद्धता रहेको उल्लेख गर्दै राहत, उद्धार तथा पुनर्निर्माणका कार्यमा सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

यस पवित्र कार्यमा सहयोग पुऱ्याउने सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षक तथा कर्मचारीप्रति विद्यालय परिवारले हार्दिक कृतज्ञता व्यक्त गरेको छ। विद्यालयले बाढी तथा विपदमा परी दिवंगत भएका सम्पूर्णप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै बेपत्ता व्यक्तिहरूको शीघ्र खोजी तथा परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना समेत गरेको छ।

## पोखराको ...

संयोजक रामबहादुर पौडेलले बताए। सरसफाइका क्रममा करिब एक गाडी फोहोर संकलन गरिएको आयोजकले जनाएको छ।

फेवाताल संरक्षणमा नागरिक खबरदारी आवश्यक रहेको भन्दै वातावरण संरक्षणका लागि विभिन्न संघसंस्था तथा समूहले अभियानमा ऐक्यबद्धता जनाएका थिए। कार्यक्रममा डिभिजन वन कार्यालय कास्कीका प्रमुख करुणा कार्की, पोखरा महानगरपालिकाको सरसफाइ शाखा, पोखरा महानगरपालिका-६ का जनप्रतिनिधि शोभा जलारी, महिला सञ्जाल बैदामलगायत विभिन्न सामाजिक संघसंस्थामा आबद्ध दिदीबहिनी तथा दाजुभाइको सहभागिता रहेको थियो। कार्यक्रममा सहभागीहरूले फेवाताल केवल पोखराको पर्यटकीय आकर्षण मात्र नभई प्राकृतिक, वातावरणीय तथा सांस्कृतिक सम्पदा भएकाले यसको संरक्षणमा सबै पक्ष जिम्मेवार बन्नुपर्नेमा जोड दिएका थिए। ताल वरिपरिका बस्ती, पर्यटक तथा व्यवसायबाट उत्पादन हुने फोहोरको उचित व्यवस्थापन गर्न सके फेवातालको प्रदूषण न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्ने उनीहरूको भनाइ थियो।

फेवाताल क्रमशः प्रदूषित हुँदै गएकोप्रति चिन्ता व्यक्त गर्दै आयोजकहरूले नियमित सरसफाइसँगै फोहोर उत्पादन हुने स्रोतदेखि नै व्यवस्थापन गर्नुपर्ने आवश्यकता औंल्याएका छन्। तीनै तहका सरकार, सुरक्षा निकाय, पर्यटन व्यवसायी, नागरिक समाज तथा स्थानीय समुदायबीच सहकार्य र समन्वयबाट मात्रै फेवाताल संरक्षण अभियानलाई प्रभावकारी बनाउन सकिने उनीहरूको भनाइ छ। उक्त अभियानले तालको सौन्दर्य कायम राख्नुका साथै स्थानीय समुदायमा वातावरण संरक्षणप्रतिको जिम्मेवारी र नागरिक चेतना बढाउन सहयोग पुग्ने विश्वास गरिएको पौडेलले बताए।

## हामी सबैलाई ...

उठाउनुभएको छ। प्रधानमन्त्रीले विपत्ति सुरु भए लगत्तै अन्तरराष्ट्रिय समुदायसँग उद्धारका लागि समन्वय गरिएको बताएको उल्लेख गर्दै उहाँले त्यसअघि सरकारी प्रवक्ताले भनेको भनाइसँग त्यसको तालमेल नमिलेको बताउनुभयो।“अहिलेकसैलाईअपजसदिने वा आरोप-प्रत्यारोप गर्ने बेला होइन, अझै उद्धार गरेर बचाउन सकिने ठाउँमा जे-जे लगाउनुपर्ने हो, सबै कुरा लगाउनुपर्छ”, सभापति थापाले भन्नुभयो। उहाँले तत्काल उद्धार तथा राहतलाई प्रभावकारी बनाउन सरकार, सुरक्षा निकाय, स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार, प्राविधिक जनशक्ति, सञ्चारकर्मी, स्वयंसेवक तथा राजनीतिक दलबीच थप प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# नेपालले जलवायु न्यायको मुद्दा परिपक्व तरिकाले उठाउनुपर्छ

रसुवाको भोटेकोसीमा आएको वाढीले अकल्पनीय क्षति पुऱ्याएको छायश किसिमको बाढीले पुऱ्याएको क्षति यति भयानक छ कि पुर्ति हुनै नसक्ने खालको छ । अचानक आएको बाढीबाट ठुलो जन धनको क्षति हामीले व्यहोर्नुपरेको छ । यसले नेपाली मात्र होइन विभिन्न मुलुकका नागरिकले ज्यान गुमाएका छन । बेपत्ता छन । खोजी र उद्धारका काम जारी छ। अन्तर्राष्ट्रिय क्षेत्रले खोज र उद्धारमा सहयोग गरेका छन। दिनहुँ अन्तर्राष्ट्रिय संचार माध्यमका समाचार बनेका छन । उद्धार र राहतका काम जारी छ । देशको पुरै शक्ति उद्धार र राहतका लागि खटेको छ । भोटेकोसी बाढीले पुऱ्याएको मानवीय र भौतिक क्षतिको बारेमा बहस शुरु भएको छ ।

अन्तर्राष्ट्रिय संचार माध्यममा वातावरणीय न्यायका मुद्दा उठेका छन।यो मुद्दा नेपालले पहिले पनि संयुक्त राष्ट्रसंघ र जलवायु संबंधी अन्तर्राष्ट्रिय मंचबाट उठाउँदै आएको हो । यो मुद्दा अहिले बल्ल अन्तर ष्ट्रिय संचार माध्यम र फोरमहरुमा उठेको छ। यो अहिले मुखरित भएको हो।औद्योगिक क्रान्तिका नाममा विकसित मुलुकले फैलाएको विषाक्त धुवाँकै कारण हाम्रा हिमालहरूमा आज यस हदको प्रलय भइरहेको छ । हिरोसिमा र नागासाकीमा खसालिएको बमजस्तै ऊर्जा निस्कने गरी हिमचट्टानहरू फुट्नु र त्यसले भयानक प्रलय ल्याउनुमा तिनै औद्योगिक राष्ट्रहरूको एकलौटी दोष छ । यी विपद्मा हामीले हाम्रा थुप्रै नागरिक गुमाएका छौं, जसको पूर्ति कुनै पनि मूल्यमा हुन सक्दैन । भौतिक पूर्वाधारमा पुगेको अकल्पनीय नोक्सानीको भरपाई त सायद होला, तर गुमेका जीवनहरू क्षतिपूर्तिले फर्काउन सक्दैन । तथापि, कोषबाट प्राप्त हुने रकमले जलवायु अनुकूलनका योजना बनाएर भविष्यलाई सुरक्षित राख्न ठोस कदम चाल्न सकिन्छ भन्ने हाम्रो विश्वास हो ।

विकसित राष्ट्रहरूले पेरिस सम्झौताअनुरूप विश्वको तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसको सीमाभित्र राख्ने प्रतिबद्धतामा खुलेआम धोका दिएका छन् । उनीहरूको यही गैरजिम्मेवारीले गर्दा आज साना र गरिब राष्ट्रहरू विनाशको डिलमा धकेलिएका हुन् । तसर्थ, अतिकम विकसित राष्ट्रहरूले एकजुट भएर नेपालको पक्षमा आवाज उठाउनु समयको माग हो । नेपालले पनि आफूजस्तै साना राष्ट्रहरूको हितमा निरन्तर वकालत गर्दै आएको छ। धनी र विकसित राष्ट्रहरूले के हेक्का राख्नुपर्छ भने- हिमालको विनाश केवल नेपालको मात्रै हानिनोक्सानी होइन। यो सिंगो पृथ्वीको पारिस्थितिकीय प्रणाली (इकोसिस्टम) माथिकै गम्भीर चुनौती हो । हिउँ पग्लिएर समुद्रको सतह बढ्दै जाँदा साना र होचा राष्ट्रहरू मात्र डुब्ने छैनन्, प्राकृतिक प्रकोपले भोलि धनी र गरिब वा ठूला र साना भनेर चिन्नेछैन। प्रकृतिको नजरमा सबै समान छन् र महाविपत्तिको सामना सबैले गर्नैपर्नेछ। तसर्थ, नेपाललाई तत्काल न्यायोचित क्षतिपूर्ति दिलाउनु र विश्व तापमान वृद्धिको गतिलाई न्यूनीकरण गर्ने कर्तव्यपथमा हिँड्नु सम्पूर्ण विश्वको साझा दायित्व हो । कार्बन उत्सर्जनलाई शून्यमा झार्ने लक्ष्यमा गरिने सानो हेलचेक्र्याइँ पनि समग्र मानव सभ्यतामाथिकै भयानक र आत्मघाती लापरबाही ठहरिनेछ ।

भोटेकोसी बाढीपछि प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सहभागी भएर बाढीबाट भएको क्षति र हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असरबारे अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने समाचार सार्वजनिक भएको छ । नेपाली प्रतिनिधि मण्डलको नेतृत्व प्रधानमन्त्रीबाट हुँदा पक्कै पनि यसको ओज बढ्छ । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन महासन्धिअन्तर्गतको 'लस एन्ड ड्यामेज फन्ड' (जलवायु क्षति तथा नोक्सानी कोष)बाट क्षतिपूर्ति माग्न पत्राचार गर्दा गरेजस्तै हतार वा अपरिपक्वता देखाइने पो हो कि भनेर सजग हुनुपर्ने अवस्था पनि छ । भोटेकोसी बाढीपछिको पुनर्निर्माण र पुनःस्थापनाका लागि नेपालले यथाशीघ्र ठूलो धनराशि अन्तर्राष्ट्रिय सहयोगबाट पनि जुटाउनै पर्छ । यसका लागि अन्तर्राष्ट्रिय समुदायलाई धम्क्याएर वा घुर्क्याएर सहायता रकम असुल गर्ने हैसियत नेपालले बनाएको छैन । नेपालले दाबी गर्दैमा न्यायोचित नै भए पनि अमेरिका, चीन, भारत कोही पनि नैतिक जिम्मेवारी लिएर क्षतिपूर्ति दिन वा दिलाउन तयार हुने सम्भावना पनि अहिलेसम्मको उदाहरणबाट देखिँदैन । जति नै अप्रिय लागे पनि नेपालले यो कटु यथार्थ अस्वीकार गर्न सक्तैन । अतः यस अवसरलाई सार्थक बनाउन दातृ सम्मेलनलगायतका सहायताका सम्भावना खोज्न सदुपयोग गर्नु उचित हुनेछ । यसैले अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि नेपालका प्रतिनिधिहरूले पर्याप्त गृहकार्य गरेर परिपक्व र सुझबुझपूर्ण दृष्टिकोणसहित प्रस्तुत हुने अभ्यास सुरु गर्नुपर्छ। कसैमाथि प्रत्यक्ष दोषारोषण नगरी पनि नेपाल अन्यायमा परेको र पुनर्निर्माणका लागि सहयोग आवश्यक भएको यथार्थ विश्व सामु राख्न सकिन्छ । सुझबुझपूर्ण र परिपक्व विनम्रता देखाउँदा देशको गरिमा नै बढ्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बेसीँसहर-चामे सडकमा ठूला सवारीसाधन चलाउन रोक

**पोखरापत्र संवाददाता**
मनाङ, २१ भदौं

हिमाली जिल्ला मनाङको मेरुदण्ड (लाइफलाइन) को सडक चामे-बेसीसहर सडकमा ठूला सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । स्थानीयद्वारा ठूला सवारीसाधन सञ्चालन गर्दा सडकको अवस्था नाजुक तथा जोखिमयुक्त बनेको भन्दै स्थानीयद्वारा रोक लगाइएको हो ।

मर्स्याङ्दी गाउँपालिका-४ च्याम्चेका सोमबहादुर तामाङ भन्नुहुन्छ, "स्थानीयवासीको दैनिकीमा नै असर पर्ने गरी सडक जोखिमयुक्त बनेपछि बाध्य भएर ठूला सवारीसाधन सञ्चालनमा रोक लगाएका हौं । पटक-पटक ध्यानाकर्षण गरायौं तर सुनुवाइ नभएपछि यसरी सबै मिलेर सडक सञ्चालन रोकिएको हो ।" अन्नपूर्ण संरक्षण क्षेत्रमा विश्वका पर्यटक आउने मार्गमा नै स्थानीयवासीले हिँड्न र दैनिकी चलाउन नसक्ने भएपछि यस्तो कदम चालिएको उहाँ बताउनुहुन्छ । सूर्यकुमारी गुरुङ ठूला सवारीसाधन चलाउँदा घाँसदाउरा गर्न जानसमेत मुस्किल भएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हामी घाँस दाउरा गरेर गुजार गर्ने त यो हिलाम्मे बाटोमा हिँड्न सकेका छैनौं । यसको समाधान कसले गर्ने हो खै ? यसको समाधान हुनुपर्‍यो । यही मागका साथ आज सडकमा ठूला सवारीसाधन चलाउन बन्द गराएका हौं ।" स्थानीय बालबालिका विद्यालय जाँदा हिलाम्मे सडकमा हिड्न नसकेर जोखिम बढेको गुरुङ बताउनुहुन्छ । "बालबालिकालाई विद्यालय पठाउँदा डराउनुपर्ने अवस्थामा छौं । कतै हिलोमा सवारीसाधन चलाउँदा चिप्लिएर बालबालिका नै दुर्घटनामा पर्छन् कि हिलो छ्यापिएर विद्यालय जान छाडेर फर्किन्छन् कि भन्ने चिन्ता बढेको छ", गुरुङ भन्नुहुन्छ, "ठूला सवारीसाधन चलाउँदा कतै सडक नै भाँसिएर आवतजावत नै रोकिन्छ कि भन्ने अवस्था छ । पर्यटकीय क्षेत्रको पहिचान बनाएको मनाङको यो सडक जोखिमयुक्त मानिन्छ । त्यसमाथि विश्वकै जोखिमयुक्त मानिएको अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) को भ्रमणमा आउने पर्यटक र स्थानीयका लागि मुख्य सडक हो । यस सडक वर्षायाम ठूला सवारी चलाउँदा हुनसक्ने जोखिमलाई मध्यनजर गरी ठूला सवारीसाधन नचलाउन आग्रह गरिएको प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङले बताउनुभयो ।

"वर्षायाममा सवारीसाधन चलाउँदा सडक भाँसिन सक्छ । यसले निम्त्याउने समस्यालाई पनि ध्यान दिनुपर्छ । लामो समयसम्म पुनर्निर्माण गर्न सकिने अवस्था छैन", सांसद गुरुङले भन्नुभयो, "सडक भाँसिएमा यस याममा पर्यटकका लागि आवश्यक सामग्री ढुवानी तथा स्थानीयवासी आवतजावतमा समस्या हुने भएकाले वर्षायाममा हेभी सवारसाधन नचलाउन प्रशासनलाई आग्रह गरेका छौं । यसमा प्रशासनले ध्यान दिनुपर्छ ।"

दैनिकजसो वर्षा भइरहेकाले यस सडकमा ठूला सवारीसाधन चलाउँदा बढी खाल्डो पर्नुका साथै भाँसिन सक्ने सम्भावना बढी रहेको छ । यस सडकमा हेभी सवारीसाधन चलाउँदा वर्षायाममा ध्यान पुऱ्याउन नसकिएमा मनाङको अन्य क्षेत्रसँग सम्बन्ध टुट्न सक्ने भएकाले वर्षायाममा ठूला सवारीसाधन सञ्चालनमा रोक लगाइएको प्रतिनिधिसभा सदस्य धर्मराज केसीले बताउनुभयो । अन्य समयमा पनि जोखिमयुक्त यस चामे-बेसीँसहर सडक वर्षायाममा अझ संवेदनशील रहेको छ । जसले गर्दा वर्षायाममा जोखिमलाई ध्यान दिनुपर्ने अवस्था हो । मनाङ प्रमुख जिल्ला अधिकारी मुक्तिप्रसाद खनालले वर्षायाममा पहाडी क्षेत्र जोखिम हुनुका साथै भाँसिने र बाढीपहिराले अवरुद्ध हुने भएकाले पहिले नै फोनमार्फत सवारीसाधन नचलाउन आग्रह गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "यदी सवारी चापकै कारण सडक भाँसिएमा यस सडक खुलाउन सहज छैन । तर, अटेर गर्दा स्थानीयवासी रोक्न अगाडि सरेका हुन् । समन्वय गरिरहेका छौं । स्थानीयवासीको गुनासो सुनुवाई हुन्छ ।" वर्षायाममा चलाउने गरिएको छ चक्केभन्दा माथिका सवारीसाधन चलाउँदा सडक भाँसिने जोखिम हुने भएकाले वर्षायाममा नचलाउन आग्रह गरिएको थियो । प्रशासनले सडक भाँसिन सक्ने भएकाले वर्षायाममा यहाँ निर्माणाधीन हाइड्रोपावरका ठूला सवारीसाधन नचलाउन अनुरोध गरेको थियो । जोखिमको मध्यनजर गरी लमजुङ प्रशासन, डुम्रे-बेसीँसहर-चामे सडक आयोजनामार्फत समन्वय गरेर नचलाउन आग्रह गरिएको हो ।


नेपाल सरकार
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ८ साविक लेखानी गा.वि.स. वडा नं. ६ निवासी भारतीय भु.पु.सैनिक नं. १५३६३१७८ W का होम बहादुर थापाको भारतीय पेन्सन डकुमेन्टमा नामथर होम बहादुर थापा, जन्ममिति 1970-03-22 भएको तथा नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर होम बहादुर वि.क., जन्ममिति २०२५/०३/१२ 1968-06-25भई निजको नामथर, जन्ममिति फरक परेतापनि दुई नामथर, जन्ममिति गरेको व्यक्ति एउटै भएको साथै निजको पत्निको भारतीय पेन्सन डकुमेन्टमा नामथर देउ कुमारी थापा, जन्ममिति 1971-12-10 भएको तथा नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर देउ कुमारी वि.क., जन्ममिति २०२८/०२/१५ 1971-05-29 भई पत्निको नामथर, जन्ममिति फरक परेतापनि दुई नामथर, जन्ममिति गरेको व्यक्ति एउटै भएको भनी काठेखोला गाउँपालिका, ८ नं. वडा कार्यालय, बागलुङको च.नं. ००१०, ००११, मिति २०८३/०५/११ को सिफारिस पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**


# मनकांक्षी बचत तथा ऋण सहकारी संस्थाको साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं




मनकांक्षी बचत तथा ऋण सहकारी संस्थाको ११ औं वार्षिक साधारण सभा संस्थाका अध्यक्ष महेश्वर गिरीको अध्यक्षतामा शनिवार सम्पन्न भएको छ ।

संस्थामा गत वर्ष भएका कार्यक्रम तथा आगामी भावी कार्यक्रम वारे छलफल भएको थियो । सो अवसरमा प्रमुख अतिथि दुर्गा प्रसाद तिमिल्सिना, विशेष अतिथि वामदेव वस्ताकोटी,पदमलालवस्ताकोटी, पदम प्रसाद दवाडी, विष्णुहरि त्रिपाठी, लक्ष्मी प्रसाद अधिकारी, ओम प्रसाद अधिकारी, शालिकराम अधिकारी, ओम सुवेदी, डा.यमनाथ तिमिल्सिना लगायतका वक्ताहरुले सहकारीका सात सिद्धान्त, सहकारीको आवश्यकता र मनकांक्षी सहकारीको उद्देश्य तथा आगामी रणनीतिक योजना वारे प्रकाश पार्नुभएको थियो । संस्थाको कार्यक्रम संस्थाका सचिव केशवराज दवाडीले संचालन गनुभएको थियो । सो अवसरमा संस्थामा ८० वर्ष नाघेका जेष्ठ सदस्यहरु छायादेवी दवाडी, कमलापती वस्ताकोटी, चक्र कुमारी शाही, चुणामणी अधिकारीलाई सम्मान गरीएको थियो । संस्थाका उत्कृष्ठ वचतकर्ता डिलमाया अधिकारी, उत्कृष्ट मासिक वचत कर्ता लालु प्रसाद सुवेदी, उत्कृष्ठ कारोवारकर्ता लाल वहादुर भण्डारीलाई नगद तथा सम्मान पत्र सहित पुरस्कृत गरिएको थियो । कक्षा १२ को परिक्षामा उच्च अंक प्राप्त गर्ने सेयर सदस्यका छोराछोरी मध्ये छात्र तर्फ भुवन वस्ताकोटी तथा छात्रा तर्फ पल्लवी वस्ताकोटीलाई नगद तथा सम्मान पत्र प्रदान गरिएको संस्थाका प्रवन्धक केशव तिमिल्सिनाले जानकारी दिनुभयो ।

# शितलादेबी मन्दिरमा मुक्तिनाथको बाद्यबादन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ भदौं




मुक्तिनाथ विकास बैंकले शितलादेबी मन्दिरलाई बाद्यबादनका सामग्री सहयोग तथा हस्तान्तरण गरेको छ। पुतलीबजार नगरपालिका-१३ गिजिनडाँडास्थित शितलामाई शिव मन्दिरलाई बैंकले बाद्यबादनका सामग्री सहयोग तथा हस्तान्तरण गरेको हो ।

बैंकले मन्दिरलाई झण्डै एक लाख रुपैयाँ मूल्य बराबरको बाद्यबादनका सामग्री प्रदान गरेको बैंकले जनाएको छ । पर्यटकीय आकर्षणको केन्द्र गिजिनडाँडाको शितलामाई शिब मन्दिरमा भजनकिर्तन गर्न सहयोग पुऱ्याउने उद्देश्यले बाद्यबादनका सामग्री सहयोग गरेको बैंकले जनाएको छ । बाद्यबादनका सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै मुक्तिनाथ विकास बैंकका सञ्चालक भरतप्रसाद लम्सालले गरिब तथा विपन्न परिवार, जेहेन्दार विद्यार्थी, सुरक्षा निकायबीच सहयोग आदानप्रदान गर्दै आएको बैंकले मन्दिर पुग्ने भक्तजनलाई भजनकिर्तन गर्न सजिलो र आकर्षक बनाउन बाद्यबादनका सामग्री सहयोग गरेको बताए । बैंकले आर्थिक, सामाजिक, स्वास्थ्य, सुरक्षा र सचेतना अभियानमा स्थानीयसँग हातेमालो गर्दै आएको बताउँदै बैंकका सञ्चालक लम्सालले सामाजिक जागरणमा बैंककातर्फबाट निरन्तर सहयोग पुऱ्याउने बताए। बैंक तथा वित्तीय संस्थाहरु पछिल्लो समय नाफामा मात्रै केन्द्रित नभएर सामाजिक जागरणमा सहभागि बन्दै गएको लम्सालले बताए ।

त्यस अवसरमा शितलाबेदबी मन्दिर भजनकिर्तन समितिका अध्यक्ष कृष्णप्रसाद तिवारी, मन्दिर व्यवस्थापन समितिका पूर्वसदस्य ख्यामनारयाण अधिकारीले गिजिनडाँडास्थित मन्दिरको भौतिक अवस्थामा सुधार ल्याउन सके आन्तरिक पर्यटकको केन्द्र बनाउन सकिने बताए ।

शितलादेबी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बलराम सुबेदीको अध्यक्षतामा भएको सामग्री हस्तान्तरण कार्यक्रमको सञ्चालन स्थानीय युवा समाजसेवी मोतिकृष्ण अधिकारीले गरेका थिए भने स्वागत मन्दिरका भजनकिर्तन समितिका सचिव ज्योतिका काफ्लेले गरेकी थिइन् ।

# स्याङ्जाका कृषकलाई साढे दुई करोड

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ भदौं

जिल्लाका कृषकले आर्थिक वर्ष २०८३/८४ मा साढे दुई करोड रुपैयाँ भन्दा बढी अनुदान पाउने भएका छन् ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ स्याङ्जाले उद्यमशीलता विकास, सुन्तला, कफी, आँप-लिची, गाई-भैसी, अदुवा-बेसार र चैते धान प्रवर्द्धनमा कृषकलाई दुई करोड ५४ लाख ६ हजार अनुदान दिने भएको हो ।

चालु आर्थिक वर्षमा कार्यक्रम एकाइले युवा लक्षित कृषि उद्यमशीलता विकास शीर्षकमा सबै भन्दा बढी एक करोड रुपैयाँ अनुदान दिने भएको छ। सुन्तला सुपरजोनका सुन्तला उत्पादक कृषकलाई ९८ लाख चार हजार रुपैयाँ अनुदान दिने कार्यक्रमले कफी सुपरजोनभित्रका कृषकलाई १३ लाख ३४ हजार रुपैयाँ अनुदान दिने जनाएको छ।

त्यस्तै आँप-लिची जोन लागू भएका क्षेत्रभित्रका कृषकलाई १३ लाख चार हजार रुपैयाँ अनुदान दिने जनाएको कार्यक्रमले संस्थागत कृषक समूहमा आवद्ध कृषकलाई १२ लाख रुपैयाँ अनुदान दिने भएको छ । गाई-भैसी जोनमा जोडिएका कृषकलाई ११ लाख रुपैयाँ अनुदान दिने कार्यक्रमबाट अदुवा-बेसार र चैते धान प्रवर्द्धनमा ६ लाख ४६ हजार रुपैयाँ अनुदान दिन लागिएको कार्यक्रम स्याङ्जाका प्रमुख अजय अधिकारीले जानकारी दिए ।

युवा लक्षित कृषि उद्यमशीलता विकासमा छनोट हुने २५ जना युवा उद्यमीलाई चार लाखको दरमा एक करोड नगद अनुदान दिइने कार्यक्रमले जनाएको छ । सुन्तला, कफी, आँप-लिची, गाई-भैसी, अदुवा-बेसार र चैते धान उत्पादक कृषकको क्षमता अभिवृद्धि, साना सिँचाइ पूर्वाधार विकास, मर्मत सम्भार, बगैंचा सुदृढिकरण, बाली संरक्षण, कृषि यान्त्रीकरण, मेशिनरी उपकरण, नर्सरी श्रोत केन्द्र स्थापना, क्षति न्यूनीकरण, किरा नियन्त्रण, क्षेत्र विस्तार लगाएतका शीर्षकमा एक करोड ५४ लाख ६ हजार अनुदान दिने व्यवस्था गरिएको कार्यक्रमले जनाएको छ।

कार्यक्रमबाट सुन्तला, कफी, आँप-लिची, गाई-भैसी, अदुवा-बेसार र चैते धान उत्पादन गर्ने ५८ सहकारी, ९० समूह, २८५ कृषि उद्यमी, चार कम्पनी र दुई प्राविधिक शिक्षालय लाभान्वित हुने छन् ।

कार्यक्रमले दिने अनुदानबाट कृषकको क्षमता बढ्ने, कृषिजन्य वस्तको उत्पादन र उत्पादकत्वमा वृद्धि आउने कार्यक्रमका कृषि प्राविधिक इन्द्रप्रसाद सुबेदीले जनाए ।

उनका अनुसार जिल्लामा सुन्तला सुपरजोन क्षेत्रभित्र दुई हजार ४५० हेक्टर क्षेत्रफलमा सुन्तला गरिन्छ भने गाई-भैसी जोनअन्तर्गत १८ हजार ३१ गाई-भैसी पालन गरिदै आएको छ। कार्यक्रमको तथ्यांक अनुसार ३४० हेक्टरमा आँप-लिची, २४५ हेक्टरमा मसलाबालीमा अदुवा-बेसार र ११० हेक्टर क्षेत्रफलमा कफी खेती गरिन्छ । अन्य खेतीको तुलनामा सुन्तला खेतीबाट वर्षेनी लाखौं रुपैयाँ आम्दानी लिने कृषकको संख्या दिनप्रतिदिन बढ्दै गएको कार्यक्रमले जनाएको छ ।

# डडुवाका किसान तरकारीखेतीमा : पहिले किनेर खान्थे, अहिले बिक्री गरेर कमाउन थाले

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ भदौं

बेनी नगरपालिका-५ डडुवाकी मनकुमार भण्डारीले यो याममा रु ५० हजारको भेडे खुर्सानी (क्याप्सिकम) बिक्री गर्नुभयो ।

"दुई प्लास्टिक टनेलभित्र लगाएको भेडे खुर्सानी बेचेर यो याममा रु ५० हजार कमाई भयो", उहाँले भन्नुभयो, "भेडे खुर्सानी बेचेर सकिएपछि गोलभेडा र रायोसागखेती गर्ने योजनामा छु ।" बसाइँसराइ, वैदेशिक रोजगारीका कारण कृषि मजदुरको अभाव, बाँदर र बढ्दो लागतका कारण खाद्यबाली खेती गर्न समस्या हुन थालेको अवस्थामा व्यावसायिक तरकारीखेती गरेर घरव्यवहार चलाउन सहज भएको 'एटुजेड' कृषि फार्मकी सञ्चालक भण्डारीको अनुभव छ । बेनी नगरपालिकाको माथिल्लो भेगमा पर्ने डडुवाका बासिन्दा दशकअघिसम्म खेतबारीमा परम्परागत धान, गहुँ, मकै, कोदोखेती गर्दथे । आठ वर्षअघि स्थानीय हराभरा कृषि सहकारी संस्थाको आयोजनामा कास्की र पर्वतका तरकारीखेती भएका ठाउँमा भएको अवलोकन भ्रमणपछि डडुवाका किसानले



खेती गर्ने शैली बँदलेका हुन् ।

अगुवा कृषक मोहनबहादुर भण्डारीले सहकारीको भ्रमण डडुवावासीलाई व्यावसायिक तरकारीखेतीमा अग्रसर बनाउन 'टर्निङ पोइन्ट' बनेको बताउनुहुन्छ। "भ्रमणपछि तत्कालीन कृषि ज्ञान केन्द्रमार्फत तरकारीखेतीका लागि प्लास्टिक टनेल बनाउन कार्यक्रम पर्‍यो", उहाँले भन्नुभयो, "परीक्षणका लागि मैले खेतमा बनाएको दुई वटा टनेलमा गोलभैँडाखेती सफल भएपछि अरुले पनि खेती गर्न थाले । अहिले गाउँभरी करिब ५० वटा टनेलमा गोलभैँडाखेती भएको छ ।" करिब रु ७५ हजारको लागतमा तयार हुने प्लास्टिक टनेलभित्र एक याममा रु एक लाख ५० हजारसम्म आम्दानी लिन सकिने किसानको अनुभव छ । "पहिले तरकारी किनेर खाने डडुवा अहिले तरकारी बेचेर नगद भित्र्याउने भएको छ", भण्डारीले भन्नुभयो "२० जनाभन्दा बढी किसानले व्यवसायिक रुपमा तरकारीखेती गरेका छौँ ।" प्लास्टिक घरमा गोलभेडाको साथै यामअनुसार भेडे खुर्सानी, काँक्रो, सिमी, साग, मुला, गाजर, खुर्सानी, भन्टालगायत तरकारीखेती गर्छन् । रोजगारीको सिलसिलामा करिब एकदशक बहराइनमा बिताएका भण्डारीले हाल नौ वटा टनेलमा गोलभैँडाखेती गर्नुभएको छ । डडुवामा ६५ घरधुरी भए पनि केही बसाइँसराइ गरेर बेनी तथा पोखरा बस्छन् । गाउँमा भएका सबैजसोले तरकारीखेती गरेका छन् । बेनी र पोखरामा तरकारी बिक्री हुन्छ । पुलाचौर हुँदै डडुवा जोड्ने कच्ची सडकमा तरकारी ढुवानी गराउन समस्या हुने, सिँचाइका लागि पानीको अभाव, प्राविधिक सहयोगको कमी र उत्पादनले उचित मूल्य नपाउने चुनौती रहेको छ । बजारमा ग्राहकले रु १२० प्रतिकिलोका दरले खरिद गर्ने गोलभैँडा डडुवाका किसानले आधा मूल्य रु ६० का दरले बिक्री गर्नुपर्ने बाध्यता रहेको गुनासो गरेका छन् । कृषि विकास कार्यालय म्याग्दीका प्रमुख सञ्जिव बाँस्तोला डडुवा पछिल्लो समय तरकारीखेतीमा नमुना बन्दै गएको बताउनुभयो । किसानलाई साना सिँचाइ कार्यक्रममार्फत पोखरी निर्माण, प्लास्टिक घर, यान्त्रिक हलोमा अनुदान सहयोग उहाँले बताउनुभयो। बेनी नगरपालिका-५ का वडाध्यक्ष गोविन्द बानियाले बेनीदेखि पुलाचौरसम्मको सडक पक्की बनाएको बताउँदै यसपाली पुलाचौरदेखि नयाँगाउँ खण्डमा स्तरोन्नति गर्ने तयारी भएको बताउनुभयो। बेनी नगरपालिकाको मात्र नभएर जिल्लाभरका किसानले उत्पादन गरेको तरकारी, फलफूल र पशुजन्यउपजको बजारीकरणका लागि बेनीमा कृषि बजार सञ्चालनको तयारी गरेको उहाँले बताउनुभयो ।

# पौडेल वंश महासंघ नेपाल, पोखरा महानगर समितिको सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

पौडेल वंश महासंघ नेपाल, पोखरा महानगर समितिको प्रथम साधारण सभा सम्पन्न भएको छ।

सभाको उद्घाटन गर्दै महासंघका केन्द्रिय अध्यक्ष हरिराम पौडेलले देशभर छरिएर रहेका पौडेल समुदायबिच एकता र आपसी समन्वय आवश्यक रहेको बताएका छन् । उनले महासंघको सक्रियतामा देशभरका प्रदेश, जिल्ला र पालिकामा संगठन विस्तार भएको र यसले वंशावली निर्माणका लागि समिति नै गठन गरी काम अगाडी बढाएको स्पष्ट पारे । पौडेल वंशावली लेखन समितिका संयोजक प्रा.डा कृष्ण प्रसाद पौडेलले यस समुदायको ऐतिहासिक पहिचान रहेको बताउँदै, वंशावली निर्माणको कामलाई तिब्रता दिएको पनि बताए ।महासंघ गण्डकी प्रदेश समितिका अध्यक्ष रामजी पौडेलले गण्डकी प्रदेशका सबै जिल्ला र स्थानीय तहमा संगठन बिस्तार भएको जानकारी दिदैं, आफ्नो पहिचानका लागि पनि सबै बन्धु संगठित हुन आवश्यक रहेको बताए ।



कास्की अध्यक्ष विश्वनाथ पौडेलले पौडेलहरुको उत्पत्तिको चर्चा गर्दै, ईतिहासका बारेमा सबै जानकार हुनु पर्नेमा जोड दिए। महानगर समितिका अध्यक्ष ज्ञानेन्द्र पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा २१ का जनप्रतिनिधी बिस्नु प्रसाद पौडेल, पुजा समितिका संयोजक चर्तुभुज पौडेल, प्रदेश समितिका उपाध्यक्ष अमृत कुमार पौडेल, जिल्ला उपाध्यक्ष गोपाल प्रसाद पौडेल, सचिव दीपकराज पौडेल, अन्नपुर्ण गाउँपालिका समितिका अध्यक्ष विश्वनाथ पौडेल, रुपा गाउँपालिकाका चन्द्रमणि पौडेल, माछापुच्छ्रेका नारायण प्रसाद पौडेललगायतले महासंघले खेलेको भुमिकाको चर्चा गरेका थिए। उनीहरुले समितिलाई थप क्रियाशील भई भावी योजना र कार्यनिति तय गर्न आग्रह गरे । सो अवसरमा महासंघको पोखरा समितिले वंशावलीको विषयमा तयार पारेको डायरी संग्रह पनि सार्वजनिक गरेको छ।

त्यहाँ पौडेलहरुको उत्पत्ति, संक्षिप्त इतिहास, पुजाविधिलगायत समितिले गरेका महत्वपुर्ण कामहरु समावेश गरिएको सहसचिव किरण पौडेलले जानकारी दिए।

सभाले कोषाध्यक्ष शिवप्रसाद पौडेलले प्रस्तुत गरेको बार्षिक प्रतिवेदन पारित गरेको छ । उपाध्यक्ष मीनाकुमारी पौडेलको स्वागत र सचिव हरि प्रसाद पौडेलको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो । पौडेल बन्धुहरूको एकता, सामाजिक सद्भाव र सांस्कृतिक जगेर्नाका लागि महासंघमा आवद्ध बिभिन्न संस्थागत संरचनाहरू क्रियाशील छन् ।

# दग्नामका यामबहादुरको ५८ वर्षपछि पारिवारिक पुनर्मिलन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ भदौं

म्याग्दीको रघुगङ्गा गाँउपालिका-४ दग्नाम कान्छीगाउँका यामबहादुर तिलिजाको ५८ वर्षपछि पारिवारिक पुनर्मिलन भएको छ । रोजगारीको खोजीमा २० वर्षको उमेरमा भारतको मणिपुर जानुभएका ८१ वर्षीय तिलिजा शनिबार करिब छ दशकपछि जन्मथलो फर्किनुभएको हो । तिलिजालाई परिवारले जीवित हुनुहुन्छ भन्ने आशासमेत गुमाइसकेको थियो।उहाँकोफोटोसमेतपरिवारसँग थिएन । खोजी गर्ने माध्यम नभएपछि परिवार र उहाँबीचको सम्पर्क पूर्ण रूपमा टुटेको थियो ।

मणिपुरको जङ्गलमा भेडाबाख्रा चराउँदै गरेको अवस्थामा नेपालीभाषी सञ्चारकर्मी खेम देवानले तिलिजालाई भेटेपछि उहाँको घर फर्कने बाटो खुलेको हो । गत साउनमा मणिपुर पुगेका देवानलाई स्थानीय मणि तामाङले जङ्गलमा दुई वृद्ध दयनीय अवस्थामा बसिरहेको जानकारी गराउनुभयो । देवानले तिलिजा र भोजपुरका वीरबहादुर राईको अवस्थाबारे श्रव्यदृश्य सामग्री बनाएर प्रशारण गर्नुभएको थियो। उक्त श्रव्यदृश्य सामग्रीपछि परिवारजनले उनीहरूको पहिचान



गरी सम्पर्क गरेका थिए। "मणिपुर घुम्न जाने क्रममा जङ्गलमा दुई वृद्ध बसिरहेको जानकारी पाएँ । श्रव्यदृश्य सामग्री बनाएर सार्वजनिक गरेपछि परिवारजन सम्पर्कमा आउनुभयो", देवानले भन्नुभयो, "राईलाई परिवारको जिम्मा लगाएपछि तिलिजालाई उपचारगराएरघरसम्मल्याइदिएको हुँ ।" निमोनियाबाट बिरामी तिलिजालाई देवानले धरानस्थित विजयपुर अस्पतालमा चार दिन भर्ना गरी उपचार गराउनुभएको थियो । स्वास्थ्यमा सुधार आएपछि परिवारको आग्रहमा उहाँलाई दग्नाम ल्याइएको हो । दग्नाम पुगेपछि तिलिजाका तीन भाइ, बुहारी र परिवारका सदस्यले उहाँलाई फूलमाला लगाएर स्वागत गर्नुभयो। पाँच दशकभन्दा लामो समयपछि दाजुलाई देखेका भाइहरूले आफूहरुले खोजी गर्न नसकेको विगत सम्झिए । "एक दिन दाईसँग भेट अवश्य हुनेछ भन्ने लागेको थियो । अहिले भेट्न पाउँदा निकै खुसी लागेको छ", तिलिजाका भाइ उदयचन्द्रले भन्नुभयो, "दाइको फोटो पनि हामीसँग थिएन । खोजी गर्न नसकेर अलमलमा बसेका थियौँ।उहाँलाईभेटाइदिएरघरसम्म ल्याइदिने देवानलाई धन्यवाद छ।" तिलिजा चार भाइमध्ये जेठा हुनुहुन्छ। उहाँका माइला भाइको निधन भइसकेको छ । साइँला उदयचन्द्र, काइँला जगतबहादुर र कान्छा हेमबहादुर दग्नाममै बस्दै आउनुभएको छ। तिलिजा भने घरबाट निस्किएपछि लामो समय मणिपुरमै बस्नुभयो । उहाँ भारतीय सेनामा भर्ती हुने उद्देश्यले आसाम राइफल्समा कार्यरत आफन्तको साथमा मणिपुर पुग्नुभएको थियो। सेनामा भर्ती हुन नसकेपछि काठ काट्ने काम गर्न थाल्नुभयो । "परिवार र भाइहरूसँग सम्पर्क टुट्यो । पढाइलेखाइ नभएकाले चिठ्ठीपत्र पठाउन सकिनँ । पैसा नभएपछि घर फर्कन सकिनँ", तिलिजाले भन्नुभयो । मणिपुरमै विवाह गरेका तिलिजाकी छोरीको सात महिनामै मृत्यु भएको थियो । त्यसको एक वर्षपछि श्रीमतीको पनि निधन भयो । लामो समयपछि घर फर्किँदा भने उहाँले जन्मथलोमा आफ्ना भाइ र आफन्तलाई भेट्न पाउनुभएको छ ।उमेर बढ्दै गएपछि काठ काट्ने काम गर्न नसकेपछि उहाँले साहुको बाख्रा चराएर जीवन गुजारा गर्दै आउनुभएको थियो । "परिवारसँग भेट्न पाएँ। जन्मथलोमा फर्किन पाउँदा खुसी लागेको छ", तिलिजाले भन्नुभयो, "बाँकी जीवन भाइ, परिवार र आफन्तजनसँग बिताउँछु ।"रघुगङ्गा गाउँपालिका-४ का वडाध्यक्ष पविन गर्बुजाले ५८ वर्षपछि तिलिजा परिवारमा खुसी फर्किएको बताउनुभयो । उहाँका अनुसार तिलिजाका परिवारले लामोसमयदेखि उहाँको खोजी गर्न सकेका थिएनन्। पाँच दशकभन्दा लामो समयपछि तिलिजा घर फर्किएसँगै दग्नामको एउटा परिवारले हराएको सदस्य पुनः पाएको छ।

# कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ भदौं

गण्डकी प्रदेश सरकारले म्याग्दीस्थित कालीगण्डकी कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ।

नयाँ पर्यटकीय गन्तव्य र व्यापारिक मार्गका रूपमा विकास भएको चीन र भारत जोड्ने कालीगण्डकी कोरिडोर सडकमा जोडिएका स्थानीय तहमा कृषि उत्पादन वृद्धि र बजारीकरणमा सघाउने उद्देश्यले कार्यक्रम सञ्चालन भएको हो । गत आर्थिक वर्ष २०८२/८३ मा कृषि विकास कार्यालय र भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रमार्फत रु २०/२० लाख बजेट परिचालन भएको उक्त कार्यक्रमका लागि चालु आर्थिक वर्ष २०८३/८४ मा पनि गत वर्ष बराबर नै बजेट प्राप्त भएको छ। कार्यक्रम कार्यान्वयनका लागि दुई वटै कार्यालयले कृषकहरूबाट प्रस्ताव आह्वान गरेका छन् । कृषि विकास कार्यालयका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत सञ्जीव बाँस्तोलाले लोकमार्ग तथा करिडोर आसपासका क्षेत्रमा तरकारी, माछामासु, अण्डा र दूधको उत्पादन वृद्धिसँगै सहज बजारीकरण गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन भएको हो ।

"युवाहरूलाई कृषि तथा पशुपालनतर्फ आकर्षित गर्न प्रदेश सरकारको कार्यविधिअनुसार ५० देखि ८० प्रतिशतसम्म कृषि फार्म, समूह तथा सहकारीलाई अनुदान दिन्छौँ," उहाँले भन्नुभयो, "कालीगण्डकी कोरिडोर सडकमा समेटिएको बेनी नगरपालिका, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकामा कार्यक्रम लागू भएको छ ।" कोरिडोर सडक र मुस्ताङका होटल तथा रेष्टुरेष्टका लागि आवश्यक पर्ने कृषि तथा पशुजन्य वस्तुको स्थानीयस्तरमै आपूर्ति गराउने र आयात घटाउने कार्यक्रमको उद्देश्य रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका



सूचना अधिकारी सुभाष रेग्मीले बताउनुभयो । कार्यक्रममार्फत कृषितर्फ तरकारी खेतीका लागि पलास्टिक घर, सिँचाइ पोखरी, खेती विस्तार तथा पशुतर्फ फार्म स्थापना र क्षमता विस्तारमा सहयोग गरिएको छ।

यसैबीच, गण्डकी प्रदेश सरकारले म्याग्दीमा फलफूल, तरकारी, आलु र खाद्यबाली खेती गरेका किसानलाई अनुदान वितरण गर्न आर्थिक वर्ष २०८३/८४ मा रु तीन करोडभन्दा बढी बजेट पठाएको छ। उहाँका अनुसार कार्यालयले फलफूल तथा आलु र खाद्यबालीको उत्पादकत्व वृद्धि, सिँचाइ तथा यान्त्रिकीकरण विस्तार, फलफूल तथा आलु खेतीको व्यावसायिकीकरण, रैथाने बाली संरक्षण, प्राङ्गारिक कृषि, जलवायु अनुकूल प्रविधि र कृषि उद्यम विकासलाई जोड दिँदै किसानको आयआर्जन र व्यवसायीकरणमा योगदान पुऱ्याउने लक्ष्य लिएको छ।

# बाढीले मनास्लु पदमार्ग अवरुद्ध

**पोखरापत्र संवाददाता**
गोरखा, २१ भदौं

बाढीका कारण मनास्लु पदमार्ग अवरुद्ध भएको छ । आइतबार बिहान मनास्लु संरक्षण क्षेत्रअन्तर्गत पर्ने बूढीगण्डकी र थेराङ खोलामा आएको बाढीका कारण पदमार्ग अवरुद्ध भएको हो।

बाढीले दुई पुल बगाएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभयो । जिल्ला प्रशासन कार्यालयले अर्को सूचना प्रकाशन नहुँदासम्मका लागि मनास्लु पदमार्ग र लार्केपास यात्रामा रोक लगाएको उहाँले जानकारी दिनुभयो। "यात्राको तयारी अवस्थामा वा यात्रामा रहनुभएकाहरुले अर्को सूचना प्रकाशित नहुँदासम्म यात्रा नगर्न नगराउनु हुन अनुरोध छ," जिल्ला प्रशासनद्वारा जारी सूचनामा भनिएको छ । उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-४ नाम्रुङस्थित बूढीगण्डकी र थेराङ खोलाको बाढीले दुई पुल र दुई जलविद्युत आयोजना बगाएको छ। बाढीका कारण हालसम्म कुनै मानवीय क्षती भने नभएको सहायक प्रजिअ शर्माले बताउनुभयो । बाढीले पुल बगाएपछि स्थानीयसहित पर्यटक प्रभावित बनेका नाम्रुङका स्थानीय लाक्पा डुन्डुपले बताउनुभयो । "बाढी पहिरोले हामीलाई सङ्कटमा पार्‍यो । गाउँबाट तल जाने पुल पनि लग्यो, माथि जाने पुल पनि बगायो । कतै जान पनि नमिल्ने भयो," उहाँले भन्नुभयो । दुईवटा लघुजलविद्युत् आयोजना बगाएर लगेपछि बत्ती, सञ्चार सेवा तथा विद्युतबाट चल्ने सबै सेवाबाट प्रभावित बनेका छन् । यस वर्षको शरदऋतु (असोज, कात्तिक) मा २९ टोलीका तीनसय ४८ आरोहीले मनास्लु हिमाल आरोहणका लागि अनुमति लिएको पर्यटन विभागको तथ्याङ्कमा उल्लेख छ । विभागबाट अहिलेसम्म कूल ३२ टोलीका तीन सय ६७ आरोहीले शरद ऋतुमा हिमाल चढ्न अनुमति लिएकामध्ये मनास्लुका लागि मात्र २९ टोलीका तीनसय ४८ आरोही रहेको विभागले जनाएको छ। पुल बगाएपछि भर्खर सुरु हुँदै गरेको मनास्लुको पर्यटक आवागमन प्रभावित हुने भएको छ । लार्केपासका लागि गएका सयौँ पर्यटक बूढीगण्डकीको पुल नहुँदा अलपत्र परेका छन्।


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा भीरकोट नगरपालिका वडा नं ०८ निवासी भारतीय सेनाका भु.पु. सैनिक नं JC-602481 N का सुवेदार युक बहादुर गुरुङको श्रीमती माया श्री गुरुङको ना.प्र.नं.८२६१ मा नामथर माया श्री गुरुङ र जन्म मिति २०२०/०८/२५ (ई.सं.१९६३ डिसेम्बर ११) भएको तर सैनिक अभिलेखमा नामथर माया सिन गुरुङ र जन्म मिति २०२२/११/२४ (ई.सं.१९६६ मार्च ०७) भई फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं २८ मिति २०८३/०४/१८ को पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यहोरा सिफारिस गरिन्छ।

**प्रमुख जिल्ला अधिकारी**